# स्थानीय राजपत्र

कालिञ्चोक गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः८ | संख्याः २ | १८ माघ, २०८२ |
|---|---|---|


## भाग १

**कालिञ्चोक गाउँपालिका**

**नेपालको संविधानको धारा २१५ बमोजिमको गाउँ कार्यापालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**संवत् २०८२ सालको ऐन संख्या २**

## " कालिञ्चोक गाउँपालिकाको राजश्व ऐन, २०८२ "

**प्रस्तावना :** गाउँपालिकालाई प्राप्त राजस्व अधिकारको व्यवस्थालाई पारदर्शी, न्यायोचित, व्यवस्थित तथा प्रभावकारी रूपमा लागू गरी नागरिकलाई सेवा प्रवाह गर्न सक्ने क्षमतामा सुधार ल्याउन वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कालिञ्चोक गाउँ सभाले यो ऐन स्वीकृत गरेको छ।

## परिच्छेद - १
## परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "कालिञ्चोक गाउँपालिकाको राजस्व ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन कालिञ्चोक राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "संविधान" भन्नाले नेपालको संविधान लाई जनाउँछ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई जनाउँछ ।

(ग) "सभा" भन्नाले कालिञ्चोक गाउँ सभालाई जनाउँछ ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, विनियम वा कार्यविधिले तोकिए बमोजिमलाई जनाउँछ ।

(ङ) "वडा कार्यालय" भन्नाले वडा समितिको कार्यालयलाई जनाउँछ ।

(च) "गाउँपालिका" भन्नाले कालिञ्चोक गाउँपालिकालाई जनाउँछ ।

(छ) "राजस्व" भन्नाले संविधान तथा प्रचलित कानून बमोजिम गाउँपालिकाले उठाउने कर तथा गैरकर सम्बन्धी रकमलाई जनाउँछ र यस शब्दले गाउँपालिकाले संघ वा प्रदेश वा अन्य गाउँपालिकाबाट प्राप्त हुने राजस्व बाँडफाँड वापतको रकमलाई समेत जनाउँनेछ ।

(ज) "कर अधिकृत" भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई बुझाउँदछ ।

## परिच्छेद - २

## स्थानीय राजस्व प्रशासन सम्बन्धी सामान्य व्यवस्था

**३. संगठनात्मक व्यवस्था**

(१) गाउँपालिकाले राजस्व प्रशासनको लागि आफ्नो संगठन संरचनामा राजस्व ईकाइको स्पष्ट व्यवस्था गरी कार्यबोझ विश्लेषण समेतका आधारमा आवश्यक कर्मचारी दरबन्दी सिर्जना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने राजस्व ईकाइको काम, कर्तव्य अधिकार निम्न अनुसार हुनेछ ।

(क) राजस्व नीति तर्जुमा तथा आय अनुमान सम्बन्धी कार्य,

(ख) करदाताको पहिचान गरी करका आधारहरूको अभिलेख,

(ग) मुल्याङ्कन गरी कर निर्धारण,

(घ) करदातालाई तिर्नुपर्ने कर रकमको जानकारी दिने,

(ङ) राजस्व संकलनमा साझेदारी सम्बन्धी कार्य,

(च) राजस्व संकलन, दाखिला, अभिलेख तथा प्रतिवेदन तयारी,

(छ) बाँडफाँड हुने राजस्व संकलन तथा तोकिएको कोषमा दाखिला,

(ज) राजस्व वाँडफाँडवाट प्राप्त हुने रकमको प्राप्ती र गाउँपालिकाको कोषमा दाखिला,

(झ) अनुदान तथा ऋण रकम प्राप्ती र सोको अभिलेख,

(ञ) राजस्व सम्वन्धी अभिलेखहरू सुरक्षित राख्ने,

(ट) गाउँपालिकाले जिम्मेवारी दिएका अन्य कार्य ।

(३) राजस्व ईकाइ प्रमुखले आफु मातहतका कर्मचारीहरूको परिचालन गरी प्रमुख प्रशासकिय अधिकृतप्रति उत्तरदायी भई कार्य गर्नेछ ।

## ४. मापदण्ड, आचार संहिता

(१) गाउँपालिकाले राजस्व प्रशासनको मापदण्ड, कर्मचारीहरूको आचार संहिताको निर्धारण, कर्मचारीहरूको कार्य अनुगमन, प्रोत्साहन, कारबाही प्रकृया जस्ता विषयमा नियमावली वनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको नियमावलीमा कर्मचारीले आफ्नो पदीय कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको काम कारबाहीका लागि सजायको भागिदार हुन नपर्ने व्यवस्था स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

## ५. करदाताको पहिचान सम्बन्धी व्यवस्था

(१) गाउँपालिकाको राजस्व प्रशासनले करदाताको पहिचान गरी सो को अभिलेख अद्यावधिक राख्नु पर्नेछ । यसको लागि तल उल्लेखित दुई विधि मध्ये कुनै एक विधि वा मिश्रित विधि अवलम्वन गर्न सकिनेछ ।

(क) करदातालाई नै परिचय सहित कर लाग्ने आधारको विवरण बुझाउन लगाई सो को आधारमा कर लगत तयारी तथा अद्यावधिक गर्ने ।

(ख) गाउँपालिकाको कर प्रशासनले करदाता सम्बन्धी सूचना संकलन गरी सोको आधारमा कर लगत तयारी तथा अद्यावधिक गर्ने ।

(२) राजस्व प्रशासनले उपदफा (१) बमोजिम राजस्व सम्वन्धी विवरण संकलन गरे पश्चात करदातालाई दर्ता गरी निश्चित पहिचान नम्वर प्रदान गरी सोही पहिचान नम्वरको आधारमा राजस्व सम्बन्धी व्यक्तिगत अभिलेख राख्नु पर्नेछ ।

## ६. विवरण दाखिला गर्ने

(१) गाउँपालिकाले दफा ५ उपदफा (१) (क) बमोजिम विवरण संकलनको लागि करदाताहरूलाई आह्वान गरेको अवस्थामा आफ्नो परिचय सहित राजस्व लाग्ने आधारको विवरण उपलब्ध गराउने दायित्व करदाताहरूको हुनेछ ।

(२) राजस्व प्रशासनले उपदफा (१) बमोजिम करदाताले बुझाएको विवरणमाथि थप अनुसन्धान तथा छानविन गर्न सक्नेछ ।

## ७. विजक जारी गर्ने

(१) गाउँपालिकाले बार्षिक रूपमा बुझाउनु पर्ने राजस्वको हकमा आर्थिक बर्ष शुरू भएको चार महिनाभित्र र मासिक रूपमा बुझाउनु पर्ने राजस्वको हकमा महिना शुरू भएको सात दिनभित्र राजस्व रकम निर्धारण गरी सम्वन्धित करदाताको नाममा विजक जारी गरी अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिलेख अद्यावधिक गर्दा सम्बन्धित राजस्व शीर्षकको कुल विलिङ्ग रकम, असूल भएको रकम र असूल गर्न बाँकी रकम खुल्ने अभिलेख राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अभिलेख राख्ने कार्यको लागि गाउँपालिकाले सकेसम्म विद्युतिय प्रणालीको अवलम्वन गर्नु पर्नेछ ।

## ८. भुक्तानी गर्नुपर्ने रकमको जानकारी दिने

(१) गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क, महसुल आदि रकम भुक्तानी गर्नको लागि कम्तीमा १ महिनाको समय दिई सम्वन्धित करदातालाई सूचना दिनु पर्नेछ ।

(२) स्थानिय तहले निर्धारण गरेको राजस्व कर रकममा चित्त नबुझेमा प्रशासनिक पुनरावलोकनको लागि सम्वन्धित करदाताले ३५ दिन भित्र सम्बन्धित गाउँपालिकाको प्रमुख समक्ष निवेदन दिन सक्नेछ ।

## ९. कर संकलन

(१) करदाताले सम्बन्धित गाउँपालिकाबाट निर्धारण गरिएको राजस्व रकम गाउँपालिकाले तोकेको स्थानमा बुझाई राजस्व बुझाएको नगदी रसिद लिनु पर्नेछ ।

(२) करदाताले गाउँपालिकालाई बुझाउनु पर्ने राजस्व नगद, चेक तथा विद्युतिय माध्यमवाट भुक्तानी गर्न सक्नेछ । तर, गाउँपालिकाले करदाताले बुझाएको रकम कोषमा जम्मा भएपछि मात्र नगदी रसिद जारी गर्नेछ ।

(३) करदाताले तिर्नुपर्ने राजस्व रकमभन्दा कुनै कारणले बढी भुक्तानी गरी पछि फिर्ता माग गरेमा गाउँपालिकाले बढी जम्मा भएको रकम तुरून्त फिर्ता दिनु पर्नेछ । यस्तो बढी असूल भएको रकम सम्वन्धित खर्च शीर्षक वा अन्य विविध खर्च शीर्षकवाट भुक्तानी दिनु पर्नेछ ।

(४) कर बुझाउने दायित्व भएको कुनै करदाताले अन्य कुनै दोस्रो पक्षसंग गाउँपालिकालाई कानून बमोजिम लाग्ने कर बुझाउने दायित्व समेत निजकै हुने गरी सम्झौता गरेको अवस्थामा सम्झौता अनुसार भएको कारोबारमा दोस्रो पक्षले राजस्व भुक्तानी नगरेमा यस्तो राजस्व भुक्तानी गर्ने अन्तिम दायित्व सम्बन्धित करदाता कै हुनेछ ।

(५) गाउँपालिकाको राजस्व बक्यौता भएको व्यक्ति वा संस्थालाई गाउँपालिकाले कुनै किसिमको भुक्तानी दिने वा प्रतिनिधिको रूपमा छनोट गर्ने छैन ।

(६) गाउँपालिकाको राजस्व वक्यौता राख्नेलाई गाउँपालिकाले प्रदान गर्ने अत्यावश्यक सेवा वाहेक अन्य सेवा रोक्का राख्न सक्नेछ ।

(७) करदाताले गाउँपालिकालाई भुक्तानी गर्नुपर्ने राजस्व भुक्तानी नगरेमा त्यस्तो व्यक्ति वा संस्थाको सम्पत्तिको कारोबार रोक्का गर्न वा सरकारी बाँकी असूली प्रकृया अनुसार सम्पत्ति लिलाम गरी असूल उपर गर्न सक्नेछ ।

(८) करदाता टाट पल्टीएको वा मृत्यु भई निज वा निजको हकवालाको नाममा कुनै सम्पत्ति बाँकी नभएको प्रमाणित भएमा गाउँपालिकाको सभाले निर्णय गरी त्यस्तो बक्यौता राजस्व मिनाहा गर्न सक्नेछ ।

## १०. दण्ड जरिबाना

(१) गाउँपालिकाले निर्धारण गरेको कर, दस्तुर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा जरीवाना सहित बक्यौता असूल गर्नेछ ।

(२) जरिवानाको दर भुक्तानी बाँकी रकमको न्यूनतम वार्षिक १० प्रतिशतदेखि अधिकतम १०० (सत) प्रतिशतसम्म हुनेछ ।

(३) गाउँपालिकाले माग गरे बमोजिम राजस्व सम्वन्धी विवरण तोकिएको समय भित्र दाखिला नगरेमा जरिबानालिन सक्नेछ । यस्तो जरिवानाको दर न्यूनतम रू एकसय देखि अधिकतम रू दुई हजारसम्म हुनेछ ।

(४) करदाताले राजस्व छल्ने उद्देश्यले झुटा वा भ्रमपूर्ण विवरण पेश गरी राजस्व भुक्तानी गरेको पाईएमा पुन राजस्व निर्धारण पछि हुन आउने थप रकमको १०० प्रतिशतका दरले जरिबाना लिई राजस्व असूल गरिनेछ ।

(५) गाउँपालिकाले निर्धारण गरेको कानूनी व्यवस्था कसैले पालना नगरेमा दण्ड जरिबाना लगाई असूल उपर गर्न सक्नेछ । गाउँपालिकाले असूल गर्ने दण्ड जरिवानाको दर सम्बन्धित गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

## ११. छुट

(१) वार्षिक रूपमा तिर्नुपर्ने राजस्वको (व्यवसाय कर) हकमा सोही आर्थिक बर्षको प्रथम चौमासिक भित्र राजस्व बुझाएमा लाग्ने राजस्वको ५ ( पाँच) प्रतिशत र मासिक रूपमा तिर्नुपर्ने राजस्वको हकमा महिना

समाप्त भएको दर्ता शुल्क १५ दिन भित्र राजस्व बुझाएमा त्यस्तो करदातालाई लाग्ने राजस्वको ५ प्रतिशत छुट दिइनेछ ।

(२) संघीय, प्रदेश र स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्थाहरूको सम्पत्ति, वस्तु तथा कारोबारमा कर लिन पाईने छैन ।

स्पष्टीकरणः लाभको उद्देश्य नराखी सञ्चालन हुने संघ संस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्व विद्यालय र सोको आंगिक कलेज, सरकारी वा सामुदायिक विद्यालय, सार्वजनिक पुस्तकालय, वाचनालाय, वालगृह, अनाथाश्रम, बृद्धाश्रम, सामुदायिक एफ.एम. जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विशेष परिस्थितिको कारणले करदाताले तोकिएको म्यादभित्र कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको कारण खुलाई सम्बन्धित कार्यपालिकाको निर्णय बमोजिम कर वा जरिबानाछुट दिन सकिनेछ ।

स्पष्टीकरणः विषेश परिस्थिति भन्नाले प्राकृतिक प्रकोप, आन्तरिक तथा बाह्य द्वन्द आदि कारणले भएको क्षतिलाई सम्झनु पर्दछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा वाहेक गाउँपालिकाको कुनै निकाय, वा पदाधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिबानाछुट दिन पाउने छैन ।

## १२. प्रशासकीय पुनरावलोकन र पुनरावेदन

(१) करदाताले गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क, महसुल, दण्ड, जरिबानारकममा चित्त नबुझेमा प्रमुख समक्ष प्रशासकिय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकिय पुनरालोकनको लागि निवेदन प्राप्त भएको ३५ दिन भित्र निवेदन माथि छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(३) प्रशासकीय पुनरावलोकनको लागि सम्वन्धित कार्यपालिकाको कुनै एक सदस्यको अध्यक्षतामा तीन सदस्यीय राजस्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नुपर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता हुने छैन ।

(४) गाउँपालिकाले तोकिएका समयमा प्रशासकिय पुनरावलोकन गाउँको कारणले करदालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा गाउँपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ ।

(५) करदातालाई गाउँपालिकाले यस दफा बमोजिम गरेको प्रशासनिक पुनरावलोकनमा चित्त नबुझेमा निजले राजस्व न्यायधीकरण वा सम्बन्धित अदातलमा कानूनी उपचारको लागि निबेदन दिन सक्नेछ ।

## परिच्छेद - ३

## गाउँपालिकाको कर सम्वन्धी विशेष व्यवस्था

### १३. सम्पत्ति कर

(१) सम्पत्ति करको दायराभित्र गाउँपालिकाको अधिकार क्षेत्रभित्रको कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचनाहरूलाई .गरी कायम गरिएको कुल मुल्याङ्कन रकम पर्दछ । लागू भएकोसम्पति कर मुल्याङ्कन, दरहरूको सशोधन गरिने छैन ।

(२) उपदफा (१) बमोजिम लाग्नेसम्पत्ति करको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकाबाट सम्पत्तिकर र भूमि कर (मालपोत) अलग अलग उठाउन सक्नेछ ।

(४) उपनियम (२) बमोजिम कर लगाउने प्रयोजनको लागि गाउँपालिकाले जग्गा तथा संरचनाहरूको विवरण तयार गरी मुल्याङ्कन दर निर्धारण गर्नु पर्नेछ । मुल्याङ्कन दर निर्धारण देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) जग्गा तथा संरचनाको न्यूनतम मूल्याङ्कन दर सिफारिशका लागि गाउँपालिकाको अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको कुनै एक सदस्यको अध्यक्षतामा दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मुल्याङ्कन समिति गठन गर्नेछ । सो समितिले आवश्यता अनुसार सम्बन्धित क्षेत्रका अन्य सरोकारवालालाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(ख) चलन चल्तीको दरलाई आधार लिई जग्गाको न्यूनतम मुल्याङ्कन दर निर्धारण गर्नु पर्दछ। यसको लागि जग्गाको मूल्य तथा महत्वको आधारमा क्षेत्र विभाजन गरी त्यस क्षेत्रमा पर्ने सबैभन्दा कम चलन चल्तीको मूल्य भएको जग्गालाई आधार लिई न्यूनतम मुल्याङ्कन दर निर्धारण गर्नु पर्नेछ ।

(ग) संरचनाको बनोट तथा प्रयोजनको आधारमा संरचनाको प्रति बर्ग फिटका दरले संरचनाको मुल्याङ्कन दर निर्धारण गर्नु पर्नेछ ।

(घ) संरचनाको ह्रास कट्टी दर संरचनको वनोटको आधारमा प्रत्येक तीन बर्षमा आय कर ऐन अनुसार हुनेछ ।

(ङ) निर्धारण भएको मुल्याङ्कन, दर तीन आर्थिक बर्षसम्म परिवर्तन हुने छैन ।

(च) कुनै करदाताको सम्पत्ति भूकम्प, बाढी, पहिरो, आगलागीजस्ता प्राकृतिक प्रकोपका कारण क्षति भएमा प्राप्त निवेदनका आधारमा जाँचबुझ गरी प्रमाणित भएमा त्यस्तो क्षतिभएको सम्पत्तिको मूल्य घटाई कर लगाउन योग्य मूल्य निर्धारण गर्नु पर्नेछ ।

(छ) सम्पत्ति करको लागि कायम गरिएको मूल्याङ्कनलाई घरजग्गा रजिश्ट्रेशन वा सम्पत्ति मुल्याङ्कन सिफारिसको आधार मानी मुल्याङ्कन गर्न सकिनेछैन । (सम्पत्ति कर, कर तिर्ने प्रयोजनको लागि मात्र मान्य हुनेछ । अन्य कुनै प्रयोजनको लागि मान्य हुने छैन)

(५) जग्गाको स्वामित्व भएको आधिकारिक प्रमाण नभएमा त्यस्तो जग्गाको सम्पत्ति कर लिईने छैन । आधिकारिक प्रमाणको हकमा सम्पत्ति धनीले जग्गा धनी प्रमाणपुर्जाको प्रतिलिपि वा जग्गाको स्वामित्व र क्षेत्रफल खुलेको प्रमाण कागजात पेश गर्नुपर्नेछ ।

(६) स्वामित्वको आधिकारिक प्रमाण नभएका जग्गामा पक्की संरचना निर्माण गरी बसोवास गरेको व्यक्तिले यस दफा बमोजिम संरचनाको मूल्यका आधारमा सम्पत्ति कर बुझाउनु पर्नेछ। तर, यसरी सम्पत्ति कर

बुझाएको आधारमा मात्र त्यस्तो संरचना निर्माण भएको जग्गाको स्वामित्व कायम भएको मानिने छैन ।

(७) कर नलाग्ने निकायको स्वामित्वमा रहेको जग्गामा सम्पत्ति कर लाग्ने कुनै व्यक्ति, संघ, संस्था वा निकायले निश्चित अवधिसम्म प्रयोग गर्ने गरी कुनै संरचना निर्माण गरेमा यस्तो संरचनाको सम्पत्ति कर बुझाउने दायित्व सम्बन्धित निर्माणकर्ताको हुनेछ ।

(८) जग्गाको मुल्याङ्कन गर्दा सामान्यतः करदाता स्वयंले पेस गरेको मुल्याङ्कन दरका आधारमा गरिनेछ । तर, करदाताले पेस गरेको मूल्यांकनको दर गाउँपालिकाले तोकेको न्यूनतम दरभन्दा कम भएमा गाउँपालिकाले तोकेको न्यूनतम मुल्याङ्कन दर अनुसार मुल्याङ्कन गरिनेछ ।

(९) सम्पत्तिकर नलाग्ने भनी तोकिएका निकायका सम्पत्तिको हकमा गाउँपालिकाले सम्पत्तिको मुल्याङ्कन गरी कर नलाग्ने बेहोरा जनाई कर चुक्ता प्रमाणपत्र उपलब्ध गराउनु पर्नेछ ।

## १४. मालपोत

(१) गाउँपालिकाले भूमिको उपयोगको आधारमा वर्गीकरण गरी मालपोत लगाउन सक्नेछ । यसरी वर्गिकरण गर्दा संघिय वा प्रादेशिक सरकारको नीति बमोजिम भएको बर्गिकरणलाई आधार लिनु पर्नेछ ।

(२) गाउँपालिकाले गरेको वर्गिकरणको आधारमा आवासिय, व्यवसायिक तथा औद्योगिक क्षेत्रमा अलग अलग दरले कृषि, वन र अन्य क्षेत्रमा मालपोत लगाउन सक्नेछ ।

(३) मालपोतको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुने छ ।

(४) जग्गा नदीले कटान गरेमा वा बालुबुर्ज भएमा वा पहिरो गएमा त्यस्तो जग्गाको हकमा गाउँपालिकाले मालपोत मिन्हा दिन सक्नेछ ।

## १५. घरजग्गा बहाल कर

(१) गाउँपालिकाले कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाउन सक्नेछ ।

(२) घरजग्गा वहाल करको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम बहाल रकम निर्धारण गर्नको लागि गाउँपालिकाले स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सो आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

१६. व्यवसाय कर

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र व्यापार, व्यवसाय तथा सेवा संचालन गर्नकोलागि व्यवसाय दर्ता गरी व्यवसाय इजाजत दिन सक्नेछ ।

(२) व्यवसाय इजाजत दस्तुरको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ । इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न लाग्ने लगानीको आधारमा निर्धारण गर्नुपर्नेछ ।

(३) गाउँपालिकाको इजाजत विना कुनै पनि व्यापार, व्यवसाय तथा सेवा संचालन गर्न पाईने छैन । यसरी सञ्चालनमा आएका व्यवसायीहरूले वार्षिक रूपमा व्यवसायकर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ ।

(४) व्यवसाय करको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ । व्यवसाय करको दर निर्धारण गर्दा आर्थिक कारोबारको आधारमा निर्धारण गर्नु पर्नेछ ।

१७. जडिबुटी, कवाडी र जिवजन्तु कर

(१) कुनै व्यक्ति वा संस्थाले गाउँपालिका क्षेत्रमा जडिबुटी वा कवाडी वा जिवजन्तुको व्यवसायिक कारोबार गरेमा सम्बन्धित गाउँपालिकाले प्रत्येक कारोबारमा कर लगाउन सक्ने छ ।

स्पष्टीकरण : कानूनले निषेध गरेको वाहेक ।

(२) जडिवुटी, कवाडी र जिवजन्तु करको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ । यस्तो करको दर कारोबार रकमको निश्चित प्रतिशतका दरले हुनेछ ।

स्पष्टीकरणः कारोबार रकम भन्नाले विक्रेताले जारी गरेको विललाई सम्झनु पर्दछ ।

(३) यस्ता वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ती वा संस्थाले गाउँपालिकाले तोकेको जडिवुटी कवाडी र जिवजन्तु कर संकलन गरी मासिक रूपमा गाउँपालिकामा दाखिला गर्नु पर्नेछ ।

(४) यस्ता वस्तुको व्यवसायिक कारोबार गर्ने व्यक्ती वा संस्थालाई गाउँपालिकाले व्यवसाय इजाजत दिदा नै कर संकलन गरी मासिक रूपमा गाउँपालिकामा दाखिला गर्नु पर्ने गरी इजाजत दिनु पर्नेछ ।

## १८. सवारी साधन कर

(१) गाउँपालिकाले रिक्सा, अटो रिक्सा (ट्याम्पो) र इरिक्सा दर्ता गरी बार्षिक रूपमा सवारी साधन कर लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका सवारी साधनको दर्ता दस्तुर तथा बार्षिक करको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले सवारी साधन दर्ता गरी सवारी नम्वर सहितको सवारी धनिको परिचय खुल्ने गरी दर्ताको प्रमाणपत्र दिनु पर्नेछ ।

## परिच्छेद - ४

## गाउँपालिकाको शुल्क, दस्तुर तथा महशुल सम्बन्धी विशेष व्यवस्था

## १९. वहाल विटौरी शुल्क

(१) गाउँपालिकाले आफुले निर्माण, रेखदेख वा संचालन गरेका निम्न सम्पत्तिहरूमा वहाल विटौरी शुल्क लगाउन सक्नेछ ।

(क) आफुले निर्माण गरेका भवन, पसलहरूवाट मासिक रूपमा वहाल,

(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा आफैले अस्थाई प्रकृतिका टहरा, छाप्रा निर्माण गरी वा गाउी पसल वा आवासको लागि उपलब्ध गराएकोमा मासिक बहाल विटौरी शुल्क,

(ग) गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसलवाट खरीद बिक्री हुने वस्तु तथा

सेवा एवं कारोबारको आधारमा गाउँपालिकाले तोकेको दरमा प्रति पसल प्रतिदिनका दरले बहाल विटौरी शुल्क लगाउनेछ ।

(घ) आफ्नो स्वामित्वको भवन वा जग्गा वा सार्वजनिक स्थल केही समय वा दिनकोलागि प्रयोग गर्न दिए वापत गाउँपालिकाले तोकेको दरमा वहाल विटौरी शुल्क लागाईनेछ ।

(२) उपदफा (१) को (क) बमोजिम बहालका लागि गाउँपालिकाले न्यूनतम दर निर्धारण गरी दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा एक पटकका लागि बढीमा ३ (तिन) वर्षको लागि दिन सक्नेछ ।

(३) उपदफा (१) को (ख) बमोजिम बहाल विटौरी शुल्ककालागि गाउँपालिकाले तोकेको न्यूनतम बहाल विटौरी शुल्कको दरमा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा बढीमा ३ (तीन) बर्षको लागि दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल वा बहाल विटौरीमा दिंदा सर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

## २०. पार्किङ शुल्क

(१) गाउँपालिकाले आफुले निर्माण गरेको सवारी पार्किङ्गस्थल वा सडकको छेउमा सेवा दिए वापत पार्किङ्ग शुल्क लगाई असूल गर्न सक्नेछ ।

(२) पार्किङ्ग शुल्कको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले तोकेको स्थान वाहेक अन्य स्थानमा सवारी पार्किङ्गमा रोक लगाउन सक्नेछ ।

तर, राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र सवारी पार्किङ्ग गराउन पाइने छैन ।

(४) गाउँपालिकाले सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्नेछ ।

## २१. सेवा शुल्क

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक तथा सार्वजनिक सम्पत्ति प्रयोग गरी संचालनमा रहेका व्यवसाय तथा आफुले निर्माण, संचालन

र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क लगाई असूल गर्न सक्नेछ ।

स्पष्टीकरणःआफुले निर्माण, संचालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवा भन्नाले गाउँपालिकाले उपलब्ध गराएका स्वास्थ्य, शिक्षा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सिंचाई, पानी निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकिय स्थल, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि सम्झनु पर्दछ ।

(२) सेवा शुल्कको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

२२. **निकासी शुल्क**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(२) निकासी शुल्कको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

२३. **बिक्री**

(१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलवाट उत्पादन भई विक्री हुने ढुंगा, गिट्टी, बालुवा, माटो जस्ता प्राकृतिक एवं खानीजन्य वस्तुहरू विक्री गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो प्रयोगमा नआउने गरेका वस्तु, उपकरण तथा सामानहरू विक्री गर्न सक्नेछ ।

(३) गाउँपालिकाले नागरिकको सुविधाकोलागि विभिन्न फाराम तथा पुस्तकहरू छपाई गरी वा सामाग्री खरिद गरी विक्री गर्न सक्नेछ ।

(४) उपदफा (१) र (२) बमोजिमका वस्तुहरू विक्रीको लागि विक्री परिमाण तथा न्यूनतम दर निर्धारण गरी वोलपत्र, दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट विक्री गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिमका वस्तुहरू विक्री दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

२४. **दस्तुर**

(१) गाउँपालिकाले उपलब्ध गराउने प्रशासनिक सेवा वापत दस्तुर निर्धारण गरी आफै वा वडा कार्यालयमार्फत असूल गर्न सक्नेछ ।

स्पष्टीकरण:प्रशासनिक सेवा भन्नाले विविध सिफारिश, प्रमाणित, सर्जमिन, दर्ता, नापजाँच, कानूनी जस्ता गाउँपालिकाका प्रतिनिधि तथा कर्मचारीहरूले उपलब्ध गराएको सेवा सम्झनु पर्दछ ।

(२) प्रशासनिक सेवा दस्तुरको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) वडा कार्यालयमार्फत असूल हुने दस्तुर बढीमा तीन दिनभित्र गाउँपालिकाको कोषमा जम्मा गराउनु पर्नेछ ।

२५. **महशुल**

(१) गाउँपालिकाले सरसफाई, खानेपानी, ढल, विद्युत जस्ता सेवाहरू उपलब्ध गराए वापत महसुल निर्धारण गरी असूल उपर गर्न सक्नेछ ।

(२) महसुलको दर गाउँपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ ।

(३) समयमै महसुल भुक्तानी नगर्ने करदातालाई गाउँपालिकाले उपलब्ध गराईएको सेवा बन्द गर्न सक्नेछ ।

२६. **दर्ता/नवीकरण:** गाउँपालिकालाई ऐनले दिएको अधिकार क्षेत्रभित्रको सँस्था दर्ता/नविकरण, व्यवसाय कर र विद्यालय कक्षा थप आदि विषयमा आर्थिक ऐन वा सम्बन्धित ऐन, नियम वा कार्यविधिले तोके बमोजिमको दरमा दर्ता/नवीकरण आदि शुल्क लगाउन सक्नेछ ।

## परिच्छेद-५

## गाउँपालिकाको आन्तरिक आय संकलन सम्बन्धी थप व्यवस्था

२७. **गाउँपालिकाले आय ठेक्का बन्दोवस्त गर्न सक्ने**

(१) गाउँपालिकाको सभाले निर्णय गरे अनुसार दफा १९ को उपदफा (१) को (क, ग र घ) बमोजिम, दफा २२ बमोजिमको पार्किङ्ग शुल्क, दफा

२३ बमोजिमको सेवा शुल्क असूली तथा दफा २५ को उपदाफा (१) बमोजिमको विक्रीको लागि एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोवस्त गर्न सक्नेछ ।

तर, स्थानीय निकायको आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्नजाने अवस्थामा बढीमा ३ (तीन) वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) गाउँपालिकाले आय ठेक्का दिंदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीबाट मात्र गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले सामान्यतया आर्थिक वर्ष शुरू हुनु अगाडि नै ठेक्का बन्दोवस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

## २८. पट्टा दिने र कबुलियत गराउने

(१) दफा २८ बमोजिम आन्तरिक आय उठाउने ठेक्का स्वीकृत भैसकेपछि आय ठेक्काको सम्झौता गरी पट्टा वा चलन पूर्जी दिनु पर्नेछ ।

(२) ठेक्का सम्झौता गर्दा ठेकदारसँग आवश्यक धरौटी लिनु पर्दछ ।

(३) ठेकेदारले ठेक्का सम्झौता गर्नु पूर्व आर्थिक वर्षको सम्पूर्ण रकम एक मुष्ठ बुझाउन आएमा वा अग्रीम गनी महशुल गरेमा वढीमा ५ (पाँच) प्रतिशत रकम छुट दिई सम्झौता गर्नु पर्नेछ ।

## २९. ठेक्का तोड्ने

(१) पट्टा कबुलियतको कुनै शर्त बर्खिलाप हुने गरी काम गरेको अवस्थामा वाहेक ठेक्काको अवधि भुक्तानी नहुँदै बीचैमा कुनै ठेक्का तोड्न वा छोड्न पाइने छैन ।

(२) गाउँपालिकाले ठेक्का सम्झौता गर्दा ठेक्का तोड्न सकिने अवस्था तथा सो अवधिसम्मको हरहिसाब गर्ने व्यवस्था समेत स्पष्ट रूपमा उल्लेख गर्नु पर्नेछ ।

(३) कुनै ठेकेदारले गाउँपालिकाले तोकेको दरभन्दा बढी दरमा आय असूल गरेमा वा सम्झौतामा उल्लेख नभएका वस्तु वा सेवामा सेवा शुल्क वा दस्तुर असूल गरेमा ठेकदारले असूल गरेको बढी रकम सम्बन्धित

व्यक्तिलाई फिर्ता दिनु पर्नेछ । अन्यथा नियमानुसार कारबाही प्रकृया अगाडि बढाउनु पर्नेछ ।

(४) तोकिएको समय अवधिमा सम्पन्न नगरेमा जरिबाना गरिनेछ ।

(५) तर कुनै किसिमले प्राकृतिक प्रकोप आगजनी, आन्तरिक द्वन्द्व आदिको कारणबाट समस्या आएमा ठेक्का रद्ध वा खारेज गर्न सकिनेछ ।

**३०. राजस्व संकलनमा सार्वजनिक निजी साझेदारी**

(१) गाउँपालिकाले निजी क्षेत्रको समेत पुँजिगत लगानी भई दुबै पक्षले नाफा कमाउने तथा जोखिम बेहोर्ने गरी सार्वजानिक निजी क्षेत्र साझेदारीबाट सेवा प्रदान गर्न सक्नेछ ।

(२) सार्वजनिक निजी साझेदारी व्यवस्था अन्तर्गत दीर्घकालिन दायित्व सिर्जना नगर्ने गरी गरिने व्यवस्थापन अवधि र दीर्घकालिन दायित्व सिर्जना गरी गरिने निर्माण सञ्चालन कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले सार्वजनिक निजी साझेदारीमा कार्य गराउँदा प्रतिस्पर्धाको आधारमा गरिनेछ ।

(४) सार्वजनिक निजी साझेदारी सम्झौता बमोजिम निर्माण हुने सम्पत्तिको स्वामित्व करार अवधि समाप्त भएपछि गाउँपालिकाको हुनेछ ।

**३१. सम्पत्ति भाडामा दिने**

(१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति भाडा/लिजमा लगाई आय आर्जन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले आफ्नो हकभोगमा रहेको सम्पत्ति कसैलाई निजी वा व्यवसायीक प्रयोगको लागि सित्तैमा दिन पाइने छैन । एक बर्षभन्दा बढी अवधीको लागि सम्पत्ति भाडामा दिंदा प्रतिस्पर्धात्मक पद्धति अवलम्वन गरी सम्झौतागरी भाडामा दिनुपर्नेछ र सम्झौतामा बार्षिक भाडा बृद्धिको प्रावधान समेत राख्नु पर्नेछ । सो को वार्षिक भाडाको वृद्धिदर गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**३२. बक्यौता रकम असूली सम्बन्धी व्यवस्था**

(१) गाउँपालिकाले विभिन्न कारणबाट असूल हुन नसकी बाँकी रहेका पुराना बक्यौताहरू विशेष प्रावधान गरी असूल उपर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिममा विषेश व्यवस्थामा जरिवानाको केही अंश छुट दिने, असूलीमा सहयोग गर्ने अन्य संस्था वा निकायलाई असूलीको निश्चित प्रतिशत पुरस्कार स्वरूप अनुदान दिने जस्ता व्यवस्था गर्न सक्नेछ । सो को प्रतिशत गाउँसभाबाट तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-६

## विविध

३३. **राजस्व प्रशासनमा सूचना प्रविधिको प्रयोग** : यस ऐनमा अन्यत्र जेसुकै व्यवस्था भए तापनि गाउँपालिकाले राजस्व प्रशासन सम्बन्धी अभिलेख राख्न तथा राजस्व सङ्कलन गर्न सूचना प्रविधिलाई प्रयोगमा ल्याउन सक्नेछ ।

३४. **अन्य निकायले सहयोग गर्नुपर्ने** : गाउँपालिकाको राजस्व सङ्कलनको लागि संघीय तथा प्रदेश सरकारका जुनसुकै कार्यालयहरूले गाउँपालिकाको अनुरोध अनुसार राजस्व असूली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

३५. **सार्वजनिक सम्पत्तिको उपयोग गर्न सकिने** : गाउँपालिकाले आफ्नो हकभोग वा रेखदेखमा रहेको सार्वजनिक सम्पत्तिको परिचालन गरी आयआर्जन गर्न सक्नेछ ।

तर, गाउँपालिकाले यस्ता सम्पत्तिहरू फेरबदल गर्ने, नष्ट गर्ने, हकभोग छाड्ने जस्तो कार्य गर्न पाउने छैन ।

३६. **प्रगतिशील कर प्रणाली अबलम्बन गर्ने** : गाउँपालिकाले कर तथा शुल्कको दर निर्धारण गर्दा अति विपन्न वर्गलाई कम बोझ पर्ने गरी कर तथा शुल्कको दर निर्धारण गर्ने प्रगतिशील कर प्रणाली अबलम्बन गर्नु पर्नेछ ।

३७. **मुद्राको समय अनुसारको मूल्य समायोजन** : गाउँपालिकाले सकेसम्म मुद्रास्फिति दरलाई आधार लिई कर, शुल्क र दस्तुरको दरलाई समय सापेक्ष रूपमा बढाउदै लैजानु पर्नेछ ।

३८. **सेवा शुल्कको दर निर्धारण** : गाउँपालिकाले स्थानीय स्तरमा हुने आर्थिक करोवार विस्थापित हुने गरी वा आर्थिक कारोबारमा नकारात्मक प्रभाव पर्ने गरी सेवा शुल्क वा दस्तुरको दर निर्धारण गरिने छैन ।

३९. **नियम वा कार्यविधि वा मापदण्ड बनाउन सक्ने :**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपालिकाले आवश्यक हुने नियम, कार्यविधि वा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम वनेको नियम, कार्यविधि वा मापदण्ड सम्बन्धित गाउँपालिकाको कार्यपालिकावाट स्वीकृत भई सार्वजनिक भए पछि लागू हुनेछ ।

४०. **प्रदेश र गाउँपालिकाको दोहोरो अधिकार क्षेत्र भित्रका कर निर्धारण संकलन र वाँडफाँड :**

(१) गाउँपालिका र प्रदेशसँग दोहोरो अधिकार क्षेत्रमा समावेश भएका राजस्वका क्षेत्रहरूको कर निर्धारण र संकलनको लागि प्रदेश सरकारले दिएको अधिकार क्षेत्र भित्र रही गाउँपालिकाले आवश्यक नियम वा कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको नियम, कार्यविधि वा मापदण्डको एक प्रति स्वीकृत भएको ३० दिनभित्र सम्बन्धित प्रदेश सरकारमा उपलब्ध गराउनु पर्नेछ ।

४१. **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा उल्लेख गरिएका बिषयमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

४२. **बचाउ** : यो कानून लागु हुनु भन्दा पहिले भए गरेका कुराहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।